त्रिवेणी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जुगार, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

मिति :- २०८१/०६/१३

विषयः बैठकको निर्णय सार्वजनिक गरिएको ।

यस गाउँपालिकाको कार्यपालिकाको मिति २०८१ असोज १० गतेको पाँचौं बैठकका महत्वपूर्ण निर्णयहरुको संक्षिप्त व्यहोरा सरोकारवालाहरुको जानकारीको लागि तपसिल अनुसार सार्वजनिक गरिएको व्यहोरा अनुरोध छ।

तपसिल

| निर्णय नं. | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|
| १ | • प्रशासकीय भवन निर्माणको लागि प्रक्रिया अगाडि बढाउने । | |
| २ | • मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रको लागि आवश्यक पर्ने लसुन, धान र मकैको बिउ खरिदको लागि व्यवस्था मिलाउने । | |
| ३ | • घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र नविकरणको लागि सूचना प्रकाशन गर्ने । | |
| ४ | • वडा नं. ५ मा इलाका प्रहरी कार्यालय माग गर्ने र वडा नं. १, ४ र ७ मा प्रहरी चौकी माग माग गर्ने । | |
| ५ | • उद्यम विकास कार्यक्रमको उद्यम विकास सहजकर्ताको तलब स्रोत मिलान गर्ने र ढुंगा, गिट्टी र बालुवाको संघ र प्रदेशमा नियमानुसार बाँडफाँट गर्नुपर्ने रकम बुझाउने । | |
| ६ | • पूर्वाधार विकास तर्फ विनियोजित रु. २५ लाख बजेटबाट गैरीगाउँ स्वास्थ्य चौकीको फिल्ड र पर्खाल निर्माण रु. १० लाख र वडा कार्यालयको तला थप रु. १५ लाखको योजना अगाडि बढाउने । | |
| ७ | • विपद् व्यवस्थापन कोषमा रु. ५ लाख व्यवस्थापन गर्ने, चट्याङबाट मृत्यु भएका चन्द्रकली वली प्रति समवेदना व्यक्त गर्दै मृतकका परिवारलाई रु. २५ हजार आर्थिक सहयोग गर्ने । | |
| ८ | • गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि निःशुल्क जग्गा दिन इच्छुक व्यक्तिहरुबाट दानपत्र गरी जग्गा लिने प्रकृया अगाडि बढाउने । सो कार्यको लागि गाउँपालिकाका उपाध्यक्ष लेखमणी डाँगी र जनस्वास्थ्य निरीक्षक पूर्ण बहादुर बुढालाई जिम्मेवारी तोक्ने । | |
| ९ | • रु ५ लाख भन्दा मुनीका योजनाहरुलाई कार्यान्वयन गर्न उपभोक्ता समिति गठन गर्ने, मोटरबाटो सरसफाईको स्रोत व्यवस्थापन गरी भक्तानी गर्ने । | |
| १० | • सुरक्षा निकायहरुलाई मौलाकालिका दुर्गामाता पुजाको लागि गत वर्षकै दरमा आर्थिक सहायता गर्ने । | |
| ११ | • गाउँपालिकामा सञ्चालनमा रहेका चुनढुंगा खानीहरुबाट नियमानुसार राजश्व प्राप्तिको लागि सम्बन्धित निकायहरुमा ध्यानाकर्षण गराउने । | |

| | | |
|---|---|---|
| १२ | • गाउँपालिकाका विकट वस्तिहरुमा स्वयंसेवी भूमिकामा स्वास्थ्य सेवा प्रवाहका लागि सुजन प्रसाद कडरियालाई अनुमति दिने र आवश्यक समन्वय र सहयोग गर्ने । | |
| १३ | • दुर्गाभवानी आ.वि. को भवन निर्माणको लागि जग्गा खरिद तथा व्यवस्थापन गर्नको लागि अनुमति दिने र मालपोत कार्यालयलाई सिफारिस गर्ने । | |

(कविराज बुढा)
प्रवक्ता